**The Journal of Deukhuri Multiple Campus**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

# आत्मनिर्णयको अधिकार सैद्धान्तिक वहस

अर्जुन प्रसाद पोखरेल
उपप्राध्यापक, राजनीतिशास्त्र विभाग
महेन्द्र वहुमुखी क्याम्पस नेपालगञ्ज

*Article History: Submitted Aug.25, 2025; Reviewed Nov 15, 2025; Revised Nov.21, 2025*
*Corresponding Autho : Arjun Prasad Pokhrel, E-mail: pokhrelarjun@gmail.com*

सारारशं

*नेपालका सन्दर्भमा आत्मनिर्णयको अधिकारबारे भएका बहस र अवधारणाहरूको अध्ययन विश्लेषण गरी यसको सम्भावना र चूनौतिहरू समयमै पत्ता लगाउन जरूरी छ। त्यसैमा यो अध्ययनलई केन्द्रिकृत गर्न खोजिएको छ। आत्मनिर्णयको अधिकार राजनीतिक कि सांस्कृतिक ? साँस्कृतिक आत्मनिर्णयको अधिकार भनेको के हो ? राजनीतिक आत्मनिर्णयको अधिकार केहो ? आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकार केहो ? जाति वा राष्ट्रको आत्मनिर्णयको अधिकार वा जनताको आत्मनिर्णयको अधिकार ? जस्ता विषय माथि अझै पनि भ्रमहरू र दुविधा रहेकोले अर्थात आत्मनिर्णयको अधिकार सम्वन्धमा समस्या रहेकोले पनि यसको अध्ययन थप आवश्यक रहेको छ। आत्मनिर्णयको अधिकारले देशलाई टुक्र्याउँछ कि कमजोर बनाउँछ वा बलियो र एकढिक्का बनाउँछ भन्ने जस्ता विषयमा पनि समस्या रहेको छ। नेपालको वस्तुगत विशिष्टताले पनि आत्मनिर्णयको अधिकारको आवश्यक्तालाई तड्कारो महसुस भइरहेको छ। नेपाली नागरिकले विखण्डनको लगि होइन, राष्ट्रिय एकता भौगोलिक अखण्डता र सबै जति, वर्ग, क्षेत्र, लिङ्गको मूक्ति र सहअस्तित्वको लागि आत्मनिर्णयको अधिकारको माग गरिरहेका छन्। विश्वमा आत्मनिर्णयको अधिकारको मूद्दा उठिरहेको देशहरूको अनुभवबाट पनि आत्मनिर्णयको अधिकार हचुवाकाभरमा प्रदान वा वञ्चित दुवै गरिदा देशहरू टुक्रिने, राष्ट्रहरू विखण्डन हुने, राष्ट्रियता र स्वाधिनता कमजोर भएको तथ्यहरू हाम्रो सामु छर्लङ्ग छ तरपनि नेपाली समाज राजनीतिक रुपले परिपक्क हुनु पर्ने अत्यावस्यक र अनिवार्य शर्त आत्मनिर्णयको अधिकारको आधार मान्न सकिन्छ।*

शब्दावली: आत्मनिर्णयको अधिकार, एकात्मक राज्यव्यवस्था, आदिवासी जनजाति, सामाजिक बहुलता, भाषिक स्वायत्तता, स्वाधिनता।

## परिचय

नेपालमा खासगरी दुईसय चालिस वर्षदेखि अभ्यास गरिँदै आएको केन्द्रिकृत र एकात्मक राज्यव्यवस्थाले देशको सामाजिक बहुलता र विविधतालाई समेट्न नसक्दा देशमा जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लीङ्गीय, र वर्गीय अन्तरविरोधहरू सृजना गर्यो। ती अन्तरविरोधहरूलाई राज्यले सही रूपमा सम्बोधन गर्न सकेन। फलस्वरूप विभेद र उत्पीडनमा परेका जाति, भाषा, धर्म, क्षेत्र, लिंग र वर्गका जनताहरू आफूमाथिको विभेद अन्त्य गर्न तथा राज्यमाथि आफ्नो अपनत्व र स्वामित्व कायम गर्न संगठित भए। यस क्रममा एकसय चार वर्षे राणाशासन र तीस वर्षे पञ्चायती व्यवस्था मात्र होइन पन्ध्र वर्षे बहुदलीय व्यवस्था पनि

समावेशी र जनउत्तरदायी हुन सकेन। यी कारणहरुले गर्दा आदिवासी जनजाति, मधसी लगायतका समुदायहरुमा आत्म निर्णयको अधिकार नै उनिहरुको राजनीतिक, सामाजिक, आर्थिक सशक्तिकरणका लागि महत्वपूर्ण अधिकारको रुपमा लिन थालियो।

आत्म निर्णयको अधिकार अन्तराष्ट्रिय कानून र राजनीतिको क्षेत्रमा अत्यन्तै चर्चित र विवादित अवधारणाको रुपमा रही आएको छ। आत्मनिर्णयको अधिकारलाई सामान्य अर्थमा बुझ्दा आफ्नो निर्णय आफैले गर्ने भनेर बुझिन्छ तर यसको अर्थ र परिभाषा अत्यन्तै जटिल र दुविधायुक्त पनि छ। विश्वमा आत्मनिर्णयको अधिकारको प्रयोग पराधीन क्षेत्र वा उपनिवेश वा राज्यलाई स्वतन्त्र राज्यमा परिणत गर्न, राज्यवाट अलग भएर स्वतन्त्र राज्य बनाउन, अर्को राज्यमा सम्मिलन गर्ने, राज्यसँग सम्बद्धता कायम गरी राख्ने र राज्यभित्र आन्तरिक रूपमा आफूले चाहेको राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, भाषिक लगायतका व्यवस्थाहरूमा स्वायत्तता वा स्वशासन रोज्न पाउने अधिकारको रूपमा प्रयोग गरिदै आएको छ। आत्मनिर्णयको रोजाइ मूलत: एकल जाति वा भाषिक स्वायत्तता, दूई वा दुई भन्दा बढी आदिवासी जनजातिका जातीय स्वयत्तता, स्वायत्तता भित्रको उपस्वयत्तता, संघकै अन्तर्गत रहने र गैर भू–क्षेत्रीय स्वयत्तताको रूपमा प्रयोग गर्न सकिन्छ।

Forsyth, T. (2005) को परिभाषा अनुसार, "आत्मनिर्णयको अधिकार भन्नाले बाहिरी बाध्यता विनाको आफ्नो मनमा लागेको स्वतन्त्र विचार अनुसार गर्न पाउने भन्ने अधिकार हो। राजनीतिमा तोकिएको क्षेत्र (भूगोल) भित्रका जनताको स्वतन्त्रपूर्वक उपयोग गर्न पाउने राजनैतिक हैसियत वा उसको राज्यबाट प्राप्त स्वतन्त्रता हो।" (Self determination is the free choice of one's own acts without external compulsion. In politics, it seen as the freedom of the people of a given territory or grouping to determine their own political status and how they will be governed without undue influence from any other country.)

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ र आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६, (जुम्ल्याहा अनुबन्ध) हरुको धारा १.१ मा सम्पूर्ण व्यक्तिलाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रता पूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा लाग्दछन्।

आत्म निर्णयको अधिकारको अवधारणा असन्तुलनको अवधारणा होइन, आत्मनिर्णय र लोकतन्त्र एकआपसमा परिपूरक छन्। लोकतन्त्र जनतालाई जनताले र जनताको लागि शासन गर्ने पद्धति हो भने आत्मनिर्णयको सिद्धान्तले कुनै एक व्यक्तिले अर्को व्यक्तिमाथि शासन नगरोस् भन्ने सुनिश्चितता गर्दछ र यसमा नै यो सिद्धान्तको आधिकारिकता जीवन्त रहेको छ। आत्मनिर्णयको अधिकारको अध्ययन गर्दा तत्कालिन साम्राज्यका शासकहरू र एसिया तथा युरोप भित्रका उपनिवेशका वासिन्दाहरूको भाषिक एवं सांस्कृतिक पृष्ठभूमि भिन्नाभिन्नै भएको र साम्राज्यवादको अन्त्यतिर सांस्कृतिक र भाषिक एकरूपता भएका समूदायलाई स्वायत्तता प्रदान गरी स्वतन्त्र मुलुकको निर्माण भएको हुनाले त्यस्तो स्वायत्ततालाई राष्ट्रिय आत्मनिर्णय भन्ने गरियो। आत्मनिर्णयको अधिकारभित्र प्रत्येक राज्यका जनता वाह्य हस्तक्षेप विना आफू कसरी शासित हुन चाहन्छ भन्ने कुराको निर्णय गर्न स्वतन्त्र भएको हुन्छ। आत्मनिर्णयको अधिकार भन्नाले आफ्ना वारेमा आफुले निर्णय गर्न पाउने अधिकारलाई जनाउदछ। हरेक व्यक्ति, जाति, भाषिक समूदाय र क्षेत्रीय समूदायलाई आत्मनिर्णयको अधिकार हुन्छ भन्ने सिद्धान्त एक प्रकारले सर्वमान्य सिद्धान्त बनिसकेको छ। कुनै पनि राष्ट्रको आन्तरिक मामलामा अर्को राष्ट्रले हस्तक्षेप गर्न नपाउने सिद्धान्त नै आत्मनिर्णयको अधिकार हो। अन्तराष्ट्रिय कानूनमा गरिएको सुनिश्चितताले उपनिवेशवाद, विस्तारवाद र साम्राज्यवाद विरूद्ध राष्ट्रहरू स्वतन्त्र हुने अवसर

प्रदान गर¥यो। तर आत्मानिर्णयको सीमा र दायराका बारेमा भने एकमतको स्थिति छैन (संविधानसभा,प्रतिवेदन, २०६६, पृ ५५ )।

आत्मनिर्णयको अधिकार: सर्वेक्षण र समीक्षा

सन् १९१६ मा लेनीनले विभिन्न राज्यहरूमा विभक्त राज्यलाई आत्मनिर्णयको अधिकार प्रदान गर्ने गरी (छुट्टिन पाउने अधिकार) USSR(Union of Soviet Socialist Republics) को निर्माण गरे। यसरी १९१७ मा रूसमा वोल्सेविक क्रान्तिपछि सरकार परिवर्तन भएकोले अमेरीकी राष्ट्रपति उड्रो विल्सनले रसियालाई प्रथम विश्वयुद्ध समयका उसका युरोपियन समर्थक मुलुकहरूबाट फिर्ता हुन आव्हान गर्दै १९१८ मा उपनिवेशवाद मुक्तिको लागि १४ बुदे घोषणापत्र जारी गरे। वास्तवमा शीतयुद्ध समयमा रूसी महासंघले समाजवादी राजनीतिक धारको नेतृत्व र संयुक्त राज्य अमेरिकाले उदार पुँजीवादी धारको नेतृत्व गरेको कुरा यहाँ विचारणीय छ।

युरोपमा भएको ३० बर्षीय धार्मिक युद्धको परिणाम राष्ट्रको स्वतन्त्रता, प्रादेशिक अखण्डता र राष्ट्रिय सार्वभौमसत्ताको संरक्षणको निम्ति अन्तराष्ट्रिय कानूनमा सन् १६४८ को वेष्टफेलिया शान्ति सन्धीले आत्मसात गर्न पुगेको थियो। यो सन्धीको माध्यमबाट राष्ट्रहरूको आत्मनिर्णयको अधिकारको सुनिश्चिता प्रदान गर¥यो। राजनीतिक दृष्ट्रिकोणबाट भि.आई. लेनिनले राष्ट्रको आत्मनिर्णयको अधिकार (Nation's Right to self-determination) सोभियत संघको निर्माणको क्रममा यस सिद्धान्तको प्रतिपादन गरे। उपनिवेशमा रहेका मूलुकहरूले उपनिवेशबाट मुक्त पाउने अधिकारको रूपमा संयुक्त राज्य अमेरीकाका राष्ट्रपति उड्रो विल्शन (Thomas Woodrow wilson)ले सन् १९१८ मा १४ बुँदे प्रस्ताव प्रकाशित गरी अमेरीकी काँग्रेसमा पेश गरेका थिए। यसरी Woodrow wilson ले उपनिवेशको विरूद्धमा आत्मनिर्णयको अधिकारको सिद्धान्तको प्रतिपादन गरे।

अर्कोतर्फ संयुक्त राष्ट्रसंघले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी सन् १९६६ र आर्थिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी १९६६ दुवै महासन्धीको धारा १ मा सबै जातिलाई आत्मनिर्णयको अधिकार छ। (तामाङ, पृ. १००) त्यसैगरी संयुक्त राष्ट्र संघको महासभाले सेप्टेम्बर १३, २००७ मा पारित गरेको आदिवासीहरुको अधिकार सम्बन्धी घोषणा पत्रमा आदिवासीहरूलाई आत्मनिर्णयको अधिकार हुनेछ भन्ने प्रावधान रहेको छ । यो अधिकारको प्रयोग गरी आफ्नो राजनीतिक हैसीयत निर्धारण गर्न स्वतन्त्र छन् र आफ्नो आर्थिक, सांस्कृतिक र सामाजिक विकासलाई हासिल गर्न स्वतन्त्र छन् भन्ने धारा ३ मा र धारा ४ मा आदिवासी जनजातिलाई उनीहरूको आत्मनिर्णय सम्बन्धी अधिकार उपयोग गर्दा आफ्नो आन्तरिक तथा स्थानीय मामीलासँग सम्बन्धित कुराहरू एवं आफ्नो स्वतन्त्र कार्यहरूमा लगानी गर्ने उपाय र माध्यमबारे स्वायत्त हुने वा स्वशासनको अधिकार हुन्छ (सं. रा. मानव अधिकार उच्च आयुक्तको कार्यालय पृ. ५)।

अमेरीकी राष्ट्रपति उड्रो विल्सनले जनताको आत्मनिर्णयको अधिकार (People's Right to Self-Determination) को व्याख्या गरेका थिए, जस अनुसार उपनिवेशमा रहेका मूलुकहरूले उपनिवेशबाट मुक्त पाउने तर अन्यका हकमा विखण्डन रहितको आत्मनिर्णयको अधिकारको प्रतिपादन गरेका थिए (भट्टचन पृ ११)।

संयुक्त राष्ट्रसंघीय आदिवासीहरुको अधिकार सम्बन्धी घोषणापत्र २००७ ले आत्मनिर्णयको अधिकारलाई नागरिकको अधिकारको रूपमा व्याख्या गरेको छ। अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी १६९ अनुसार आदिवासी जनजातिहरूले आफ्नो भाषा, संस्कृति, इतिहास, वातावरण, प्राकृतिक स्रोतमाथिको अग्राधिकारसहित आत्मनिर्णयको अधिकारको व्याख्या गरेको छ। त्यस्तै संयुक्त राष्ट्र संघ महासभा ६१औं अधिवेशन कार्यसूची शिर्षक नं. ६८ को धारा ३ मा आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार हुन्छ भनी उल्लेख गरिएको छ। त्यस अधिकारको कारण उनीहरू आफ्नो राजनीतिक स्थितिबारे स्वतन्त्र रूपमा

निर्णय गर्दछन् र आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको खोजी गर्दछन्। यसरी यी दस्तावेजहरूले आत्मनिर्णयको अधिकार आदिवासी जनजातिको सार्वभौम अधिकार हो भन्ने कुराको थप प्रमाणित गर्दछ।

अल्पसंख्यकको अधिकार संरक्षण सम्बन्धमा संयुक्त राष्ट्र संघीय नागरीक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध (ICCPR) १९६६ को धारा २७ ले जातीय, धार्मिक, अथवा भाषिक रूपमा अल्पसंख्यक व्यक्तीहरूलाई आफ्नो समुदायको ससंस्कृति उपभोग गर्ने आफ्नो धर्मको प्रचार प्रसार गर्ने र आफ्नै भाषा उपभोग गर्ने अधिकार छ, भन्ने व्यवस्था गरी अल्पसंख्यक समुदायको अधिकारलाई परिभाषित तथा संरक्षित गरेको देखिन्छ (दाहाल, कान्तिपुर दैनिक ५ मार्च २००९)।

नेपालको सन्दर्भमा "आत्मनिर्णयको अधिकारलाई संघीय शासन प्रणालीमा केन्द्र र राज्य वीचको शक्तिको वाँडफाँड गर्ने हतियारको रूपमा प्रयोग गर्न सकिन्छ। वास्तवमा आत्मनिर्णय र संघीयता भनेकै विभिन्न उद्देश्य प्राप्तिको लागि विभिन्न बहुमत प्रयोग गर्ने कुराको पहिचान गर्नु हो। यथार्थमा प्रजातन्त्र जस्तै आत्मनिर्णय र संघीयता पूर्ण छैन्। यसले राजनीतिक सहअस्तित्व र समुदायकै शिष्ट अवधारणालाई व्यवहारिक फाईदाहरूसंग एकाकार गराउछ । नेपालको सन्द्रभमा सदियौँदेखि शोषित उत्पीडित जाति, जनजाति, महिला, मधेशी, अल्पसंख्यक आदिलाई आत्मनिर्णयको अधिकारमार्फत राज्यको आर्थिक राजनीतिक मूल प्रवाहमा नीति निर्णय गर्ने तहमा जोड दिनु पर्ने देखिन्छ " (ज्ञावली, पृपृ. १४४, १४९)। डेविड बि. नाइट (David B. Knight) का अनुसार आत्मनिर्णयको अधिकार एउटा वैधानिक र भौगोलिक पाटो हो किनकी यसको धेरै भागमा संलग्न पनि छ। यसको कानूनी र सिद्धान्त सामाजिक राज्य र साथै अन्य बिशेषतासंग सम्बन्ध रहन्छ। सामान्यतया अन्तराष्ट्रिय कानून (Brierly, 1963,1) भूगोलसंग सम्बन्ध राख्दछ जहाँ जनता र यसका भावना अनुबन्धीत रहेका हुन्छन्। आत्मनिर्णयको अधिकारको सिद्धान्त आमूल परिवर्तनकारी र मौलिक सिद्धान्त पनि हो। प्रायसः यसको प्रयोग कुनै समुदायको आमूल परिवर्तनको लागी आफ्नो गन्तव्यमा पुग्न र सफलताको माध्यम मानिन्छ। "आत्मनिर्णयको अधिकार चुनौतिपूर्ण तर महत्वपूर्ण र शक्तिशाली राजनीतिक नैतिक सिद्धान्त हो।" (SAGE ,David B. Knight, Territory and people or people and territory?)हर्स्ट हनम (Hurst Hannum) लेख्छन्, आत्मनिर्णयको अधिकार मानवअधिकार हो। म आत्मनिर्णयको अधिकारलाई दुई पृथक माध्ययमबाट जोड्न चाहन्छु।

पहिलो, आत्मनिर्णयको अधिकार मानवअधिकार हो। यसले मानव अधिकारको बिषयवस्तु र व्याख्यासंग सम्बन्ध राख्दछ। दोस्रो, म आत्मनिर्णयको अधिकारको दावीले मानवअधिकारलाई पार्ने असरको सम्बन्धमा प्रथमत, आत्मनिर्णयको अधिकार 'सामूहिक अधिकार' (Peoples) संग सम्बन्ध राख्द । यो व्यक्तिको अधिकार होइन । यो पनि प्रष्ट छ कि आत्मनिर्णयको अधिकार सामूहिक अधिकार हो, अल्पसंख्यकको अधिकार भने होइन। (Right to self determination in the twenty-first century, the Washington & Lee Law Review, summer 1998)

रपर्ट ईमर्सन (Rupert Emerson)का अनुसार उड्रो विल्शनको समयमा 'जनता' भनेर जनजाति समुदाय वा जनजाति जो उनीहरूलाई भाषा र संस्कृतिको आधारमा पहिचान गरिन्थ्यो जबकि अहिलेको युग भनेको उपनिवेशवाद नभएको अवस्था हो र अहिले यस सम्बन्धमा दुईवटा पक्षको महत्वपूर्ण असर छ। पहिलो राजनीतिक हिसाबले बहिष्करणमा परेका जनजाति समुदायको हकमा हुन्छ जहाँ उनीहरूको अस्तित्वलाई राज्यले खलल् पु¥याएको हुन्छ। दोस्रो, जहाँ उपनिवेश शक्तिहरूले शोषण गरिरहेका हुन्छन् र उनीहरू स्वतन्त्र राज्य हुन चाहन्छन्। आत्मनिर्णयले आम नागरिकसंग सम्बन्ध राख्छ र छुट्टिन पाउने अधिकारलाई सम्मान पनि गर्दैन। परम्परागत कानुनले customary Law पनि छुट्टिन पाउने अधिकारलाई आत्मसात गर्दैन, बरू कम्तिमा नागरिकको अधिकारलाई भने जारी राख्दछ। (ASIL, Rupert Emerson, Self-

Determination) यसैगरी मार्क चार्फोरस चामरोका अनुसार, आत्मनिर्णयको अधिकार एउटा अपरिवर्तनशील र अहरणीय (inalienable) अधिकार हो । यो अधिकार कोहीबाट लिने वा कसैलाई दिन सकिने होइन। आत्मनिर्णयको अधिकार संयुक्त राष्ट्रसंघको सन्धी अन्तर्गत रहेर जाति, राष्ट्रसंग सम्बन्ध राख्दछ। चामरो जाति झन्डै चार सय वर्ष उपनिवेशको उत्पीडनमा छन् । आत्मनिर्णयको अधिकारको प्रयोगबाट उनीहरूले उपनिवेशबाट मुक्त पाउनेछन् भनी चामरोले आफ्नो लेखमा समावेश गरेका छन्।

जर्ज वासिङ्गटनका अनुसार, आत्मनिर्णयको अधिकार नागरिकको आधारभूत आवश्यक्ता पूरा गर्ने अधिकार हो । उनले आत्मनिर्णयको अधिकारले नागरिकको राजनीतिक सुरक्षा, भौतिक शुरक्षा, मानवीय स्वतन्त्रता आदिको प्रत्याभूति गर्दछ भनी उल्लेख गरेका छन्। यस्तै जोसेफ स्टालीनका अनुसार, आत्मनिर्णयको अधिकार भनेको पराधीन मुलुक तथा उपनिवेशहरूका उत्पीडित जनताको साम्राज्यसित पुरै सम्वन्ध वीच्छेद गर्ने अधिकार हो। राज्यको रूपमा स्वाधीन अस्तीत्व कायम गर्ने जातिहरूको अधिकार हो, भनी आत्मनिर्णयको विषयमा थप पुष्टि गरेका छन् (चाम्लिङ्ग पूर्ववत, पृ. २५०)।

आत्मनिर्णयको अधिकारको सम्बन्धमा सबैभन्दा बढी कलम चलाएका र धेरै दस्तावेजहरूको रचना गरेका लेनीनले आफ्नो विभिन्न रचनाहरूमा लेखेका छन्, “आत्मनिर्णयलगायत प्रजातन्त्रका विभिन्न मागहरू एक निरपेक्ष सवाल होईनन्, वरू सामान्य जनवादी (अव सामान्य समाजवादी) विश्व आन्दोलनको एक साना अंग हुन। कुनै विशेष मामीलाहरूमा अंश सम्पूर्णको विपरीत हुनसक्छ , यसो भएमा त्यसलाई अस्वीकार गरिनु पर्दछ (लेनीन: भाग १९, पृ.पृ. २५७, २५८)।

जातिहरूको आत्मनिर्णयको अधिकारको सन्दर्भमा लेनीनले थप पुष्टि गर्दै आफ्नो रचनामा माक्र्सवादीहरूको जातिको आत्मनिर्णयको कार्यक्रम ऐतीहासिक आर्थिक दृष्टीकोणवाट राजनीतिक आत्मनिर्णय, राजकीय स्वतन्त्रता, जातिय राज्यको निर्माणको अतिरिक्त अरू केही पनि हुन सक्दैन भनी उल्लेख गरेका छन् (लेनीन पृपृ. २५५–३२०)। आत्मनिर्णयको अधिकारको प्रयोग लोकतान्त्रिक प्रक्रिया र अभ्यास भएको पुष्टि गर्दै लेनीन भन्नुहुन्छ, लोकतन्त्रको सामान्य दृष्ट्रिकोणले हेर्दा वास्तविकता यसमा ठीक उल्टो छ। छुट्टिने अधिकार स्वीकार गर्नाले “राज्यको विघटन ”मा खतरा कम हुन्छ (लेनीन, प्रगति प्रकाशन मस्को, १९८६)। आत्मनिर्णयको अधिकारको विपक्षमा पार्टीमा फरक मत राख्दै आएकी रोजा लक्जेम्वर्गको विरूद्ध काउत्स्कीले छुट्टिने अधिकारको नारालाई अघि सारेनौ भने, यसको लागि आन्दोलन गरेनौ भने हामी उत्पीडिक जातीको, बुर्जुवाको मात्र होईन सामन्ती जमिन्दार तथा उनीहरूको निरंकुशताको मूठ्ठीमा पर्छौ भनी तर्क पेश गरेका थिए (लेनीन, प्रगति प्रकाशन मस्को, १९८६)।

आत्मनिर्णयको अधिकारको प्रयोगको सन्दर्भमा जातिहरूको आत्मनिर्णयको अधिकार एउटा गम्भिर विषय भएको कुरा स्वीकार्दै स्वयम् लेनीनले भनेका छन्, “जातिको राजनीतिक आत्मनिर्णयको लचकदार सूत्रमा बडो सावधानिका साथ हाल्नु पर्छ ।” (लेनीन, प्रगति प्रकाशन मस्को, १९८६)। लेनीनले राष्ट्रिय एकताको नाममा जातिहरूको अधिकार विहीन र जवर्जस्तीलाई नाम मात्रको एकता भनेका छन्। हाम्रो दृष्टीकोणमा उत्तर स्पष्ट छ, जवर्जस्ती एकिकरण जातीय आत्मनिर्णयको उल्लंघन हो अर्थात अर्को शव्दमा भन्दा त्यो जातीय उत्पीडनको एउटा रूप हो। आत्मनिर्णयको अधिकार भनेको पराधिन मूलुक तथा उपनिवेशहरूका उत्पीडित जनताको साम्राज्यसित पुरै सम्बन्ध बिच्चछेद गर्ने अधिकार हो। राज्यको रूपमा स्वाधीन अस्तित्व कायम गर्ने जातिहरूको अधिकार हो (लेनीन, प्रगति प्रकाशन मस्को, १९८६)। सन् १९४५ पश्चात उपनिवेशको अवस्था वाहेक एकपक्षीय रूपमा राष्ट्र छुट्टिने प्रक्रियालाई मान्यता दिने र स्वीकार्ने कुरामा ज्यादै दुविधायुक्त देखिन्छ। आत्मनिर्णयको माग सधै र संभवत भविश्यमा पनि तनाव र अस्थिरताको स्रोत हुन्छ (उप्रेती, २०६५)।

लेनीनले आत्मनिर्णयको अधिकारलाई परपाचुकेको अधिकारसंग जोडेका  छन्। उनले हरेक महिलालाई परपाचुकेको अधिकार छ तर विवाह परपाचुकेको लागि होइन, विवाह समृद्ध र सुखद दाम्पत्य एवं परिवारिक जीवनको लागि हो। त्यसैले राष्ट्रिय एकता, एकताको लागि मात्र नभएर भावना, विचार, प्रतिनिधित्व, अपनत्व र स्वामित्वको लागि हो भन्ने बुझ्न सहज छ। त्यसैले लेनीनले राष्ट्रिय एकताको नाममा दमन उत्पीडन भएमा छुट्टिन पाउने अधिकारको वकालत गर्दै उनले भनेका छन्,  आत्मनिर्णयको स्वतन्त्रता, अथवा राष्ट्रबाट छुट्टिने स्वतन्त्रताको सम्मान गर्छ, त्यस व्यक्तिलाई  पृथकतावादलाई  प्रोत्साहन गरेको आरोप  लगाउनु भनेको सम्बन्ध विच्छेदको स्वतन्त्रताको  वकालत गर्ने व्यक्तिलाई परिवारिक सम्वन्ध नष्ट गर्न प्रोत्साहन गरेको भन्नु जस्तो मुर्खता र द्वैध चरित्रात्मक व्यवहार हो (V. I. Lenin 1914)। उदारवाद र आत्मनिर्णयको अधिकारको व्याख्या गर्दै Ludwing Von Mies institute ले आत्मनिर्णयको अधिकारले सामूहिक अधिकारको वकालत गर्दछ तर यसले अल्पसंख्यकहरूलाई पनि बचाउ गर्दछ। राष्ट्रको आत्मनिर्णयको अधिकारको विषयमा होईन, कुनै भूगोलमा बस्ने बहुसंख्यक या स्वतन्त्र समूहहरूको प्रशासनिक र सरकारमा सहभागिताको कुरा गर्दछ भनी उल्लेख गरिएको छ।

## उद्देश्य

अहिलेसम्म अस्तित्वमा रहेको एकात्मक र केन्द्रिकृत राज्य संरचनाको अन्त्य गरी समावेशी संघीय लोकतन्त्रको मर्म अनुसार सबै जाति, वर्ग, क्षेत्र, भाषालाई मूल अधार बनाई राज्यको पुर्नसंरचना गर्दा नेपालको विविधता (जातीय, क्षेत्रीय, भाषिक, सांस्कृतिक, वर्गीय र मुख्य रुपमा भौगोलिक जटिलता) लाई मध्यनजर गर्नु पर्ने वास्तविकता हाम्रो अगाडि छ। राज्यको पुनसंरचनासंगै अहिले आत्मनिर्णयको अधिकारसहित जातीय क्षेत्रीय स्वायत्तताको माग पनि उठिरहेको छ। त्यसैले आत्मनिर्णयको अधिकारको विषयमा धेरै भ्रम र विवादहरू विद्यमान छ। वास्तवमा आत्मनिर्णयको अधिकार भनेको के हो, के होइन खास गरी नेपालको समाजिक–राजनीतिक क्षेत्रमा यसको वहस कसरी शुरू भयो ? यस लेख रचनाको माध्यमबाट नेपाली जनतालाई आत्मनिर्णयको अधिकारलाई सैद्धान्तिक र व्यवहार दुवै दृष्टिकाणले संक्षिप्त रुपले बुझ्न र प्रयोग गर्न सक्षम बनाउनु रहेको छ।

## अनुसन्धन विधि

यो लेखमा पूर्णरुपले द्धितीय  सूचना र स्रोतहरू प्रयोग गरिएको छ। आत्मनिर्णयको अधिकार सम्बन्धी अन्तराष्ट्रिय तहमा प्रचलनमा रहेका सिद्धान्त, मान्यता तथा प्रयोगहरूका साथै संयुक्त राष्ट्र संघ लगायतका अन्तराष्ट्रिय संघ संस्थाहरूले पारित गरेका प्रस्तावलाई सूचना स्रोतको रूपमा लिइएको छ। यसै गरी नेपालमा सरोकारवाला विद्वानहरुद्वारा लेखिएका केही पुस्तक, पत्रपत्रिकाहरु तथा वेवसाइटहरुलाई सन्दर्भ सामाग्रीहरूको रूपमा लिइएको छ। यस लेखमा प्रयोग गरिएका तथ्याङ्कलाई वर्णनात्मक, विष्लेषणात्मक, चार्ट विधिद्वारा प्रस्तुत गरिएको छ।

## सैद्धान्तिक धारणा

आत्मनिर्णयको अधिकारको प्रयोग र व्याख्याको सवालमा फरक फरक मत पाइन्छन्। खासगरी यसका ब्याख्याकार, सिद्धान्तकारहरू फरक फरक पृष्ठभूमि र परिस्थितिबाट उत्प्रेरित भई यसको व्याख्या र प्रयोग गरेको पाइन्छ। नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकारको चर्चा परिचर्चा गर्दा पनि खासगरी अहिले सम्मको मूल्य मान्यता, विभिन्न विद्धानहरूले प्रतिपादन गरेको सिद्धान्तको आधारमा अध्ययन र लेखन गर्नु पर्ने देखिन्छ। आत्मनिर्णयको अधिकारको अध्ययन गर्दा नेपालको वस्तुगत र धरातलीय अवस्था नेपालको मिश्रित सामाजिक बनावट लगायतका मौलिक कुराहरूलाई मनन गर्दै नेपालको सन्दर्भमा यसको अध्ययन गर्दा विश्वमा प्रचलित ३ वटा मान्यतालाई सैद्धान्तिक आधार बनाउनु पर्ने देखिन्छ । यी मान्यताहरू निम्न बमोजिम छन्:

### माक्र्सवादी सैद्धान्तिक पक्ष

माक्र्सवादी सैद्धान्तिक पक्ष भन्नाले लेनीनले व्याख्या गरेको आत्मनिर्णयको अधिकारको सिद्धान्तलाई बुझिन्छ। लेनीनले सन् १९१३ मा विभिन्न राज्यहरूमा विभक्त तत्कालिन रूसलाई राष्ट्रको आत्मनिर्णयको अधिकार कार्यान्वयन गर्ने सर्तमा विशाल Union of Soviet Socialist Russia को निर्माण गरेका थिए। आत्मनिर्णयको अधिकारलाई लेनीनले राष्ट्रको आत्मनिर्णयको अधिकार भनी व्याख्या गरेका छन्। उनका अनुसार जातिको राजनीतिक आत्मनिर्णयको अधिकार सम्बन्धी पूर्ण राजनीतिक स्वतन्त्रतालाई प्रमूख आधार बनाइएको छ जस अन्तर्गत कुनै जाति वा राष्ट्रलाई उत्पीडन भएमा राज्यबाट छुट्टिन पाउने सम्मको अधिकार उल्लेख छ। भ्लादीमिर इलिच लेनीनले प्रतिपादन गरेको राष्ट्रको आत्मनिर्णयको अधिकार सबै जातिको लागि पूर्ण समानता र राजनीतिक रूपमा छुट्टिने स्वतन्त्रता भनेका छन्। (चाम्लीङ, पृ.१२१) र लेनीनले राष्ट्रको आत्मनिर्णयको अधिकारलाई पारपाचुकेको सम्बन्धसंग तुलना गरेका छन्।

लेनीनले सन् १९१३ मा राजनैतिक निर्णयको अधिकारको रूपमा उत्पीडक राष्ट्रबाट उत्पीडित राष्ट्रले छुट्टिन पाउने र स्वतन्त्र रूपमा आफ्नो कानून बनाउन पाउने राष्ट्रको अधिकारको रूपमा आत्मनिर्णयको अधिकार हो भन्ने उल्लेख भएको पाइन्छ। सोभियत संघको निर्माण हुदाँ स्वतन्त्र रूपमा रहेका राज्यहरू मिलेर सोभियत संघको निर्माण गरिएको र सो क्रममा भ्लादिमिर लेनिनले त्यस्ता स्वतन्त्र राज्यहरू आवश्यकक्ता अनुसार छुट्टिएर अलग स्वतन्त्र राज्य बनाउन पाउने गरी आन्मनिर्णयको अधिकार हुने उल्लेख गरेका थिए। सो आत्मनिर्णयको अधिकारको सिद्धान्तको दायराभित्र राष्ट्रिय समूहहरूलाई छुट्टिएर बेग्लै राज्य गठन गर्ने अधिकारसम्म थियो।

### उड्रो विल्सनको व्याख्या

आत्मनिर्णयको अधिकारको संन्दर्भमा उड्रो विल्सनले सन् १९१८ मा १४ बुँदे शान्ति प्रस्तावलाई लिग अफ नेशनको घोषणामार्फत आत्मनिर्णयको अधिकारलाई उपनिवेशवादबाट मुक्ति पाउने आधारसिलाको रूपमा व्याख्या गरेका छन्। उनले प्रादेशिक अक्षुण्णता तथा राज्यको अस्तित्व स्वतन्त्रता र सार्वभौमिकताको अधिकारको विषयमा जोड दिदै जनताको आत्मनिर्णय अधिकारको व्याख्या गरेका छन्। प्रादेशिक अक्षुणता एवं राज्यको अस्तित्व, स्वतन्त्रता र सार्वभौमसत्ताको अधिकारको रूपमा आत्मनिर्णयको अधिकारलाई व्याख्या गरेको थिए। उनका अनुसार आत्मनिर्णयको अधिकार अन्तर्गत कुनै पनि राष्ट्रले उपनिवेशबाट मुक्त हुन पाउने अधिकार र सार्वभौम राष्ट्रमाथिको हस्तक्षेप विरूद्धको अधिकार हो।

### संयुक्त राष्ट्रसंघीय सैद्धान्तिक तथा नीतिगत पक्ष

संयुक्त राष्ट्रसंघको इतिहासलाई हेर्दा सन् १९२० र १९३० को दशकमा आत्मर्णियको अधिकारलाई उपनिवेशको अन्त्यको रूपमा मान्यता दिइयो। ग्रेट ब्रिटेनको वेष्टमिनिस्टरको विधानले क्यानाडा, न्युजिल्यण्ड, स्वतन्त्र आयरिस राज्य, कमनवेल्थ अफ अस्ट्रेलिया, दक्षिण अफ्रिकी संघलाई स्वतन्त्रता दिइयो साथै ग्रेट ब्रिटेनले उपरोक्त मुलुकमा जनताको सहमतीविना नै त्यस देशको लागि कानून बनाउने असमर्थता जनायो। यसैक्रममा इजिप्ट, अफगानिस्तन र इराक स्वतन्त्र राष्ट्र बने। लेवनान फ्रान्सबाट स्वतन्त्र भयो तर भारतीय स्वतन्त्रता प्रयास असफल भयो साथै इटाली, जापान र जर्मनीले केही देशका भूमीक्षेत्रलाई आफु समक्ष मिसाउनेकब्जा गर्ने कार्य गरे र यो दोस्रो विश्वयुद्धको कारण बन्न गयो। सन् १९४१ मा दोस्रो विश्वयुद्धका एलाइट शक्तिले एटलान्टिक चार्टर पारित गर्दै आत्मनिर्णयको अधिकारलाई यसमा स्वीकार गरे र सन् १९४२ मा २६ राष्ट्रले संयुक्त राष्ट्रसंघको घोषणामा हस्ताक्षर गरे। र सन् १९४५ मा संयुक्त राष्ट्रसंघको चार्टरको सम्मेलन गरेर दोस्रो विश्व युद्धको समाप्तिको घोषणा गर्दै आत्मनिर्णयको अधिकारको संरचनालाई अन्तराष्ट्रिय कानूनको क्षेत्र अन्तर्गत राखे (उप्रेति, २०६५: २२)।

नेपालका आदिवासी जनजाति लगायत सबैले आत्मनिर्णयको अधिकार दाबी गर्नका पछाडि हाम्रा सामु जायज र वैधानिक कारणहरू छन्। आत्मनिर्णयको अधिकारका सम्बन्धमा थुप्रै अन्तर्राष्ट्रिय कानुनी प्रावधान र प्रतिबद्धताहरू छन् भने नेपाल सरकारले पनि त्यस्ता महासन्धी र घोषणापत्रहरूमा अनुमोदन गरी प्रतिबद्धताहरू गरिसकेको अवस्था छ । त्यसैले नेपालका आदिवासी जनजातिहरूले निम्न आधारमा आत्मनिर्णयको अधिकारको दाबी गर्ने आधारहरू छन्।

- नेपाल सरकारले १४ मे, सन् १९९१ मा अनुमोदन गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को भाग १ धारा १ अनुसार “सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार छ। त्यस अधिकारको कारण नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्दछन् तथा स्वतन्त्रतापूर्वक आफनो् आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा लाग्दछन्।” दुबै प्रतिज्ञापत्रको कानुनी हैसियत बाध्यात्मक छ।
- संयुक्त राष्ट्रसंघको महासभाले १३ सेप्टेम्बर, २००७ मा पारित गरेको र नेपालले सहमति जनाएको आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा–३ अनुसार “ आदिवासीहरूलाई आत्मनिर्णयको अधिकार हुनेछ । यो अधिकारलाई प्रयोग गरी आफनो् राजनीतिक हैसियत निर्धारण गर्न स्वतन्त्र छन् र आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकासलाई हासिल गर्न स्वतन्त्र छन् ।” त्यस्तै गरी धारा ४ अनुसार “आत्मनिर्णयको अधिकार प्रयोग गर्दा आदिवासीहरूलाई आफ्नो आन्तरिक र स्थानीय विषयहरूमा स्वायत्तता वा स्वशासनका साथै स्वायत्त कार्यका लागि वित्तीय व्यवस्था र साधनहरूको समेत अधिकार छ।”
- तर एउटा स्मरणयोग्य कुरा उक्त घोषणापत्रको धारा ४६ को उपधारा १ अनुसार “कुनै राष्ट्र, जनता, वर्ग वा व्यक्तिलाई संयुक्त राष्ट्रसंघीय बडापत्र विपरित कुनै क्रियाकलापमा संलग्न हुन वा कुनै कार्य गर्न अधिकार हुने अर्थ लाग्ने गरी वा सार्वभौम तथा स्वतन्त्र राष्ट्रको क्षेत्रीय अखण्डता वा राजनीतिक एकाइलाई पूर्ण वा आंशिक रूपमा खण्डित पार्ने वा कमजोर पार्ने कुनै कार्य गर्न अनुमति दिने वा प्रोत्साहित गर्ने अर्थ लाग्ने गरी यस घोषणाका कुनै पनि कुराको व्याख्या गर्न सकिने छैन भनी उल्लेख गरिएको छ।”

जसको अर्थ एकहातले दिने र अर्को हातले लिने जस्तो घुमाउरो व्यवस्था गरिएको छ ।

### नेपालमा उठेका बहसहरू

नेपाली सन्दर्भमा आत्मनिर्णयको विषयमा घनिभूत रूपमा २०४६ पछिको खुल्ला राजनीतिक परिवेशमा चर्चा शुरू भएको हो यसको सुरूवात आर्थिक, सामाजिक, सांस्कृतिक विषयलाई लिएर आदिवासी जनजातिहरूले गरेका थिए। उनीहरूले झिनो रूपमा भएपनि राजनीतिक रूपमा चर्चा परिचर्चा गरे। सुरेश आलेमगर जनजाति महासंघको महासचिव भएको बेला यो अवधारणामा छलफल शुरू भएको थियो।

“नेपालमा जातिहरूले आत्मनिर्णयको अधिकार पाउनु पर्छ भन्ने कुरा गर्दा केही कम्युनिष्टहरू के भन्छन् भने अधिकार त “राष्ट्रले” पाउने हो, जाति वा जनजातिहरूले होइन र ‘राष्ट्र’ तथा ‘जाति’मा फरक छ। त्यो के हो भने जाति र राष्ट्र एकै हुन् बरू विकसित जाति र अविकसित जाति हुन सक्छ फरक त्यही मात्र हो। अतः यो तर्क निराधार छ नेपालको भौगलिक दृष्टिकोणले अत्यन्त सानो भएकोले आत्मनिर्णयको अधिकार व्यावहारिक हुदैन भन्ने तर्क पनि छ। कुरा व्यवहारिकता र अव्यवहारिकताको होइन, कुरा समानता र न्यायको हो। शोषणबाट मुक्तिको हो। यदि अरूसंग बस्दा शोषण, दमन र अन्यायमा पर्छ भने उक्त जाति जतिसुकै अव्यवाहारिक भए पनि अलग्गै बस्ने ईच्छुक हुनेछ। एक्लै बस्दा जति सुकै सानो राज्य बन्न जाति भए पनि

त्यस जातिलाई त्यहि नै स्वीकार्य हुने छ। विश्वमा ११ लाख जनसंख्या र २००० किलोमिटर मात्र क्षेत्रफल भएको मोरिसस जसले संयुक्त राष्ट्रसंघको सदस्य समेत पाइसकेको छ " (आले मगर, २०६२: पृ. १७३)।

आत्मनिर्णयको अधिकारको विपक्षमा मत जाहेर गर्ने अत्यन्तै न्युन संख्या मध्ये सर्जन गौतम एक हुन्। उनले लेखेका छन्, "प्रचण्डले पार्टीको मुखपत्रमा आत्मनिर्णयको अधिकार र स्वायत्तताबाट देश टुक्रन्छ भन्ने प्रतिक्रियावादीहरू त्यति नै सामन्ती सोचका छन् जति सामन्ती सोच छोडपत्रको अधिकार दिइयो भने सबै महिलाहरू आफ्ना लोग्ने छोडेर हिड्छन् भन्नेमा लुकेको हुन्छ भनेका छन् यसको अर्थ माओवादीले अगाडि सारेको जातीय आत्मनिर्णयको अधिकार छुट्टिन पाउने अधिकार सहितको भन्ने प्रष्ट हुन्छ। लेनिनले उठाएको छुट्टिन पाउने अधिकारसहितको आत्मनिर्णयको नाराले नेपालको विखण्डन ल्याउन सक्छ" ( सर्जन गौतम, हिमाल खबर पत्रिका:२०६६)। २०६४ को अधुरो संविधानको मस्यौदामा व्यवस्था भए बमोजिम स्वशासनका लागि आत्मनिर्णयको अधिकार प्रत्येक प्रादेशिक क्षेत्रको जनतालाई हुनेछ (अधिकारी: २०६६)। आत्मनिर्णयको अधिकारसंग राज्यको संरचना र शासकिय स्वरूपको पनि अन्तर्सम्बन्ध छ। त्यसकारणले संविधान सभाले राज्यको पुनर्संरचना गर्दा नेपालको आवश्यक्ता, सामाजिक वास्तविकता र धरातलमा आधारित हुनुपर्छ। नेपालमा सयौ वर्षको एक राष्ट्र एक जाति, एक धर्म, संस्कृति, लिङ्ग र क्षेत्रको अन्त्य गरी, समान अवसर विकास र सामाजिक न्यायको लागि अधिकार खोजेको अवस्था हो। यिनीहरूको आकांक्षा पूरा गर्नु, तिनको संस्कृति र पहिचानको संरक्षण र विकास नै राष्ट्रको विकास हुनु हो। आदिवासी जनजाति, महिला, पछाडि परेका क्षेत्र, वर्ग र सम्प्रदाय जति विकसित र अधिकार सम्पन्न हुन्छन्, राष्ट्रियता, नेपालको संम्प्रभुसत्ता र क्षेत्रीय अखण्डता त्यतिनै बलियो हुन्छ। यसकारणले आत्मनिर्णयको अधिकारले सवैलाई समानता, स्वतन्त्रता र स्वशासनको अधिकार प्रदान गर्दछ। यो कुनै पनि व्याख्या, अर्थ र तर्कमा नेपाल बिभाजन गराउने अधिकार होइन (उप्रेति, २०६६: ७९) ।

"महत्वपूर्ण तथा विवादास्पद विषय आत्मनिर्णयको अधिकार, जातीय स्वशासन र शासनमा जातीय अग्राधिकारका सवालहरू हुन्। यो सवाल मधेश र जनजाति आन्दोलन संग भावनात्मक रूपले जोडिएको छ। यस विषयमा नेपालका जनजाति समूह र साम्यवादी खेमाका केही पार्टी र घटकहरू लेनीनको राष्ट्रिय जातीय अवधारणबाट बढी प्रभावित देखिन्छन्। लेनिनले जातीय मुक्तिको सवालमा आत्मनिर्णयको सवाललाई समाजवादी आन्दोलनको अभिन्न रणनीतिक रूपमा लिएका थिए तर यसैका आधारमा राज्यको विभाजनको पक्षमा भने उनी थिएनन्। अर्थ राजनितिक पक्षलाई उनले राज्यको सबैभन्दा प्रमुख आधार मानेका थिए।" (खनाल, पृ ३८–६०)।

हाल संविधानसभाको विघटन भईसकेको भएता पनि यसले संविधान लेख्ने काम सरल, सहज, वैज्ञानिक र व्यवस्थित गर्नको लागि विभिन्न ११ वटा उप समितिहरू २०६४ चैत २८ गते सम्पन्न ऐतिहासिक संविधानसभाको निर्वाचन सम्पन्न भएको थियो। सो संविधानसभाको निर्वाचनबाट निर्वाचित २४०, समानुपातिक तर्फबाट ३३५ र मनोनित बाट २६ जना गरी जम्मा ६०१ जना सभासदहरुबाट संविधान निर्माण तथा सो संग सम्बद्ध कार्यलाई प्रभावकारी एवं व्यबस्थित बनाउनको लागि संविधानसभा अन्तर्गत संवैधानिक समिति र विभिन्न १० वटा विषयगत समितिहरु गरी जम्मा ११ समितिहरु निर्माण भएका थिए जुन निम्न छन्। १. राज्यको पुनसंरचना र राज्यशक्तिको वाँडफाँड समिति, २. प्रकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति, ३. मौलिकहक तथा निर्देशक सिद्धान्त समिति, ४. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति, ५. व्यवस्थापकिय अंगको स्वरुप निर्धाण समिति, ६. राज्यको शासक स्वरुप निर्धारण समिति, ७. न्याय प्रणाली निर्धारण समिति, ८. संवैधानिक निकायको संरचना निर्धासण समिति, ९. साँस्कृतिक र समाजिक एकेबद्धताको आधार निर्धाराण समिति, १०. राष्ट्रिय हितको संरक्षण समिति गठन गरेको थियो।

आत्मनिर्णयको अधिकारको सम्बन्धमा विभिन्न अवधारणाहरू

आत्मनिर्णयको अधिकारलाई संयुक्त राष्ट्रसंघद्वारा पारित गरिएका मानव अधिकार सम्बन्धी महत्वपूर्ण अन्तराष्ट्रिय महासन्धिहरुमा मानव अधिकारको रुपमा स्विकार गरिएको छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय (ICCPR) महासन्धी १९६६ को धारा १ ले सबै नागरिकलाई सामाजिक, सांस्कृतिक र राजनीतिक विकासको लागि आत्मनिर्णयको व्यवस्था गरेको छ (All Pepople have the Rights of self-determination. By virtue of those Rights, they freely determine their political status and freely pursue their economic, social and cultural development.)

| क्र. स. | प्रतिपादन गर्नेको नाम | मिति | सार |
|---|---|---|---|
| १ | भी. आई. लेनीन | सन् १९१३ | उत्पीडक राष्ट्रबाट उत्पीडित राष्ट्रले छुट्टिन पाउने र स्वतन्त्र राष्ट्र बनाउन पाउने अधिकार। |
| २ | उड्रो विल्सन | सन् १९१८ | प्रादेशिक अखण्डतालाई अक्षुण्ण राख्दै राष्ट्र उपनिवेशबाट मूक्त हुन पाउने र सार्वभौम राष्ट्र माथिको हस्तक्षेप विरूद्धका अधिकार। |
| ३ | मोन्टे भिडियो संहिता | सन् १९३३ | स्थायी जनसंख्या, निश्चित भू–भाग, सरकार र अरू राज्यसंग सम्बन्ध राख्न सक्ने क्षमता अर्थात् सार्वभौमसत्ता भएको राज्यले स्वतन्त्र रूपमा आर्थिक राजनैतिक एवं अन्य क्रियाकलाप गर्न पाउनु लाई राज्यको आन्मनिर्णयको अधिकार हुने उल्लेख गरेको थियो। |
| ४ | संयुक्त राष्ट्र संघ | सन् १९४५ | जनताको राजनैतिक हैसियत कायम गर्ने । आर्थिक, सामाजिक र सांस्कृतिक विकासको लागि स्वतन्त्रपुर्वक प्रयोग गर्न सक्ने अधिकार । आदिवासी जनजातिलाई प्राकृतिक स्रोत माथिको अधिकार |

*स्रोत:* आत्मनिर्णयको अधिकार सम्बन्धी दस्तावेजहरू

नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धीका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी, ICESCR १९६६ को पनि धारा १ मै सोही बमोजिमको आत्मनिर्णयको अधिकारको व्यवस्था रहेको पाइन्छ (*www.hrweb.org/legal/cpr.html.* 7/29/2011)। आदिवासीको बारेमा बढी चर्चित दस्तावेज अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धी नं. १६९ हो। यसले आदिवासीहरूलाई आफ्नो पहिचान, परम्परा, प्राकृतिक स्रोतको सम्बन्धलाई सुरक्षा एवं विकास गर्नको लागि विभिन्न प्रावधानहरू व्यवस्था गरेको छ। आदिवासी जनजातिहरू आफ्नो निर्णयको सन्दर्भमा स्वतन्त्र र सार्वभौम छन् भनी व्याख्या गरिएको छ। आदिवासी जनजातिहरूको परम्परागत कानून (Customary law) देखि लिएर सबै मौलिक र परम्परागत मूल्य मान्यताको संरक्षणार्थ ILO (अन्तराष्ट्रिय श्रम संगठन अभिसन्धी नं १६९) को पनि व्यवस्था गरिएको छ। अन्तराष्ट्रिय कानूनले पनि अत्मनिर्णयको अधिकार सम्बन्धी धाराहरूको व्यवस्था गरेको छ यसको सान्दर्भिकतालाई पनि थप पुष्टि गरिएको छ।

UNESCO को सन् १९८९ को बैठकले जनजातिको हकमा अन्तर्राष्ट्रिय कानूनमा निम्नखित विशेषता भएकोलाई आत्मनिर्णयको अधिकारको उपभोग गर्न पाउने उल्लेख गरिएको छ।

१. कुनै समूह वा व्यक्ति जसको साझा मानव विशेषता हुन्छ।

- साझा ऐतिहासिक परम्परा (A common Historical Tradition)
- जातीय पहिचान (Racial or Ethnic Identity)

- संस्कृतिक एकरूपता (Cultural Homogeneity)
- भाषिक एकता (Linguistic Unity)
- धार्मिक तथा वैचारिक सामीप्यता (Religious or Ideological Affinity)
- भौगौलिक अन्तर्सम्बन्ध (Territorial Connection)
- साझा आर्थिक जीवन (Common Economic Life)

२. जो समूह निश्चित वा अनिश्चित संख्यामा कुनै संघ वा व्यक्तिगत रूपमा एउटा राज्यमा बस्दछ ।

३. कुनै समूह जसको समग्रमा जनताको पहिचान हुन्छ र ऊ आफ्नो समूहिक विशेषततामा सदस्यहरूको बिचमा चेतनपन आदनप्रदान गर्दछ ।

४. सम्भवत ती समूहिक संस्थाहरू आफ्नो साझा विशेषता र परिचय बोकेको हुन्छ । (John Kilcullen, 2011)

आई.एल.ओ. १६९ र आदिवासीका अधिकार

आत्मनिर्णयको अधिकारको प्रयोगको लागि सबैभन्दा वलियो र अधिकारिक सरकारी कानुनी आधार भनेको नै संयुक्त राष्ट्रसंघको अभिसन्धी अन्तर्राष्ट्रिय श्रम संगठन १६९ हो। यो सन्धीको नेपाल पक्ष भएकोले यसका प्रावधानहरु नेपालले अनिवार्य रुपमा पालना गर्नु पर्ने हुन्छ । आत्मनिर्णयको अधिकारको अर्थ सारमा उत्पीडितहरूको मुक्तिको अधिकार हो। जसले मानव जातिको समान मूल्य र मान्यतालाई हरपल केन्द्र भागमा राखिरहेको हुन्छ।

संयुक्त राष्ट्रसंघले व्यवस्था गरेको अर्थात अन्तर्राष्ट्रिय कानूनले व्यवस्था गरेको आत्मनिर्णयको अधिकार कुनै व्यक्ति विशेषको लागि नभएर मूलतः आदिवासी जनजातिहरूको सामूहिक मुक्तिसँग जोडिएको कुरा हो। अन्तर्राष्ट्रिय श्रम संगठन १६९ ले ४४ वटा अनुच्छेदमा आदिवासी जनजातिहरूको अधिकारलाई सुनिश्चित गरेको छ। जुन अनुच्छेदहरूले आदिवासी जनजातिहरूको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक लगायतका क्षेत्रमा विकास गर्नुको साथै राज्यको हरेक निकायमा उनीहरूले आफ्नो प्रतिनिधित्व अनिवार्य रूपमा हुनेछ र आदिवासी जनजातिहरूको प्रकृतिसंग प्रत्यक्ष सम्बन्ध हुने भएकोले प्राकृतिक स्रोत साधनमाथि उनीहरूको नियन्त्रण हुनेछ भनी आई.एल.ओ. अभिसन्धी १६९ को अनुच्छेद ७ मा व्यवस्था गरिएको छ। यसैगरी अभिसन्धी १६९ को अनुच्छेद १४ र १५ ले आदिवासीहरूको भूमिमाथि पूर्ण स्वामित्व रहने। यदि राज्यले सहमतिमा भोगचलन गर्ने अवस्था भएमा उचित ग्यारेण्टीका साथ पैसा वा अन्य कुनै रूपको क्षतिपुर्ति गरिने कुराको व्यवस्था गरिएको छ। नेपाल सरकारले पनि २००७ सेप्टेम्वर १४ मा यसको कार्यान्वयनको लागि अन्तरिम व्यवस्थापिका संसदले अनुमोदन गरिसकेको हुनाले राज्यलाई यसको कार्यान्वयन गर्नको लागि वाध्यकारी अवस्था छ। अन्तर्राष्ट्रिय अभिसन्धी १६९ नेपालका ३७.८५ जनतासंग प्रत्यक्ष सरोकार राख्ने विषय भएकोले राज्य यसको कार्यान्वयन गर्नमा गम्भिर र बाध्यकारी हुने अवस्था छ। नेपालको सन्दर्भमा सदियौदेखि राज्यको मूल धारबाट बन्चित गरिएका आफ्नो भाषा–संस्कृति र पहिचान लोप हुदै गएका राजनीतिक प्रतिनिधित्वको नगन्य अवस्था भएका आदिवासी जनजातिहरूले यो अन्तर्राष्ट्रिय कानूनले व्यवस्था गरेको मान्यताको आत्मसाथ गर्दै मानव अधिकार र राजनैतिक अधिकार प्राप्तिका लागिको आन्दोलित भइरहेको अवस्था छ। संयुक्त राष्ट्रसंघ महासभाको ६१ औं अधिवेशनको कार्यसूची शीर्षक ६८ अन्तर्गत धारा ३ मा अदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार हुन्छ। त्यस अधिकारको कारण उनीहरू आफ्नो राजनीतिक स्थीतिबारे स्वतन्त्ररूपमा निर्णय गर्दछन् र आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको खोजि गर्दछन्। यसैगरी धारा ४ मा आदिवासी जनजातिलाई उनीहरूको आत्मनिर्णय सम्बन्धी अधिकार उपभोग गर्दा

आफ्ना आन्तरिक तथा स्थानिय मामिलासंग सम्बन्धित कुराहरू एवमं आफ्ना स्वायत्त कार्यहरूमा लगानी गर्ने उपाय र माध्यमहरू बारे स्वायत्त हुने स्वशासनको अधिकार हुन्छ भन्ने प्रावधान रहेको छ ।

निष्कर्ष

आत्मनिर्णयको अधिकारले अल्पसंख्यकको संरक्षण गर्दै बहुसंख्यकको हकमा लागु गर्ने सिद्धान्त हो। जसको कारणले अल्पसंख्यकहरू पनि राष्ट्रिय नीति निर्माण तथा शिक्षामा सहभागी हुन पाउँछन्। आत्मनिर्णयको अधिकार राष्ट्रको आत्मनिर्णयको अधिकार होइन तर भूभागमा बस्ने ठूलो संख्यामा भएका स्वतन्त्र र प्रशासनिक समूह भने हुन्। यदि यो अधिकार कुनै व्यक्तिगत अधिकारसँग मिलाएर प्रयोग गर्ने अवस्था छ भने प्रयोग गर्दा फरक पर्दैन। तर ठूलो समूहमा रहेका समुदायका हकमा भने अव्यवहारिक हुन सक्छ। आत्मनिर्णयको अधिकार खासगरी १९ औं र २० औं शताब्दीमा सर्वव्यापी प्रभाव पारेको थियो। आत्मनिर्णयको अधिकार सम्बन्धमा नेपालका सरोकारवाला विभिन्न विज्ञहरूले व्याख्या गरेका छन् (भट्टचन २०६६, तामाङ्ग २०६६)। यी विज्ञहरूको महत्वपूर्ण विचारहरूलाई नेपालको सन्र्दभमा हेर्दा आत्मनिर्णयको अधिकारलाई व्यक्तिगत र सामूहिक तहमा व्याख्या गरेको पाइन्छ। व्यक्तिगत तहमा कुनैपनि व्यक्तिलाई आत्मनिर्णयको अधिकार बञ्चित गरिएको छैन किनकी यो व्यक्तिको सार्वभौम अधिकार हो।

आत्मनिर्णयको अधिकार निरन्तर प्रक्रिया हो र यसले आफू बसेको राज्य वा छिमेकीहरूसँग सम्झौता गर्न सक्षम बनाएको छ। आत्मनिर्णयको अधिकार आदिवासी जनजातिले आफ्नो जिम्मेवारी र विकास आफैँले निर्णय गर्ने शक्ति हो। आत्मनिर्णयको अधिकारको एउटा महत्वपूर्ण पक्ष भनेको आदिवासी जनजाति र भूमि र प्राकृतिक स्रोत र साधनबिचको सम्बन्ध हो। नेपालको विशिष्टतामा आत्मनिर्णयको अधिकारको व्याख्या र बुझाईमा एकरूपता भने छैन । नेपालका कम्युनिष्ट पार्टीहरू मूलत एकीकृत नेकपा माओवादीले लेनीनले प्रतिपादन गरेको राष्ट्र जातिको छुट्टिन पाउने सिद्धान्तलाई उठाउदै आएको छ। नेकपा एमाले लगायका धेरै राजनीतिक दलहरू संयुक्त राष्ट्रसंघले व्यवस्था गरेको आन्तर्राष्ट्रिय श्रम संगठन १६९ अनुसार कार्यान्वयन गरिनु पर्ने अडान राख्दछन्। मधेसवादी दलहरू अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धी १६९ सँगसँगै पृथक मधेस स्वायत्तता (आत्मनिर्णयको अधिकार सहितको क्षेत्रीय स्वायत्तता) को मूद्दा उठाउदै आएका छन् भने नेपालका अदिवासी जनजातिहरूको साझा तथा छाता संगठन नेपाल आदिवासी जनजातिमहासंघले पनि संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धी १६९ अनुसार कार्यान्वयन गरिनु पर्ने जोडदार माग गर्दै आएका छन्।

अत: आत्मनिर्णयको अधिकारलाई बिना कुनै सर्त, सीमा वा भेदभाव सहज तरिकाले स्वीकार गर्न पर्दछ। आत्मनिर्णयको अधिकार विश्वव्यापी अधिकार भएकोले यो अविभाज्य छ र यसलाई आन्तरिक र वाह्य आयाम भनेर विभाजन गर्नु ठीक छैन। आत्मनिर्णयको अधिकार निरपेक्ष अधिकार नभएर अन्य जनताको अधिकारलाई बाधा नपार्ने गरी प्रयोग गर्न पर्दछ। आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार दिंदा अन्तर्राष्ट्रिय कानुनका आधारमा क्षेत्रीय अखण्डतालाई अक्षुण्ण राख्ने गरी भन्न आवश्यक भने देखिन्छ। आत्मनिर्णयको अधिकारमा परेको शब्द ‘आत्म’ र जनताको आत्मनिर्णयको अधिकारमा परेको ‘जनता’ शब्दले जनता, राज्य, प्रतिनिधिमूलक सरकार, उपनिवेशमा रहेका जनता, आदिवासी जनजाति, जातीय समूदाय, अल्पसंख्यक र व्यक्तिहरूको समूहलाई सम्बोधन गर्दछ।

नेपाल सरकारले विभिन्न मितिमा आत्मनिर्णयको अधिकारको प्रयोगको सम्बन्धमा अन्तर्राष्ट्रिय घोषणापत्रहरूमा हस्ताक्षर र प्रतिवद्धता जाहेर गरिसकेको कारणले पनि वाह्य रूपमा नैतिक बाध्यता छ। अर्को तर्फ नेपालको वस्तुगत विशिष्टताले पनि आत्मनिर्णयको अधिकारको आवश्यक्तालाई तड्कारो महसुस भइरहेको छ। नेपाली नागरिकले विखण्डनको लगि होइन, राष्ट्रिय एकता भौगोलिक अखण्डता र सबै जति, वर्ग, क्षेत्र, लिङ्गको मूक्ति र सहअस्तित्वको लागि आत्मनिर्णयको अधिकारको माग गरिरहेका छन्। विश्वमा आत्मनिर्णयको अधिकारको मूद्दा उठिरहेको देशहरूको अनुभवबाट पनि आत्मनिर्णयको अधिकार

हचुवाकाभरमा प्रदान वा वञ्चित दुवै गरिदा देशहरू टुक्रिने, राष्ट्रहरू विखण्डन हुने, राष्ट्रियता र स्वाधिनता कमजोर भएको तथ्यहरू हाम्रो सामु छर्लङ्ग छ तरपनि नेपाली समाज राजनीतिक रुपले परिपक्क हुनु पर्ने अत्यावस्यक र अनिवार्य शर्त आत्मनिर्णयको अधिकारको आधार मान्न सकिन्छ, नत्र नेपाल पून: वाइसे, चौविसे राज्यमा परिणत हुन लामो समय पर्खिनु नपर्ला भन्न सकिन्न।

सन्दर्भग्रन्थ


आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्च आयुक्तको कार्यालय ।

आलेमगर, सुरेश, २०६२, नेपालको सन्दर्भमा राज्यको पुर्नसंरचना, सं। सीताराम तमाङ ।

उप्रेती, त्रिलोचन, २०६५, अन्तराष्ट्रिय कानुनमा आत्मनिर्णयको अधिकार ।

खनाल, कृष्ण, २०६०, राज्यको पुर्नसंरचना, मार्टिन चौतारी ।

चाम्लिङ्ग, भोगिराज ९सम्पादक०, २०६५, जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकार, काठमाडौंस् स्यामुना प्रकाशन ।

तमाङ, परशुराम, २०६५, हाम्रो नेपालस् संघीय गणतन्त्र नेपाल, काठमाडौंस् मूल्याङ्कन प्रकाशन गृह

दाहाल, काशिराज, २०६५, आत्मनिर्णयको अधिकार र अन्तर्राष्ट्रिय कानून, कान्तिपुर दैनिक, मार्च ।

भट्टचन, कृष्ण, २०६५, संघीयता, आत्मनिर्णयको अधिकार र आदिवासी जनजाति स्वायत्तता, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान, काठमाडौं ।

लेनीन, भि। आइ।, १९८६, राष्ट्रिय नीति तथा सर्वहारा अन्तर्राष्ट्रियवादको प्रश्न, मस्कोस् प्रगति प्रकाशन।

लेनीन, भि। आइ।, संकलीत रचना, भाग १९ ।

लेनीन, भि। आइ।, पाँचौं रुसी संस्करण, खण्ड ।

संविधानसभा, २०६६, राज्यको पूनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति, अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन ।

ज्ञावली, चन्द्रकान्त, २०६४,संघीय शासन प्रणाली र राज्यको पुर्नसंरचना,पैरवि प्रकाशन

Forsyth, T. (2018). Self-determination in politics. In T. Forsyth (Ed.), *Encyclopedia of international development* (pp. xx–xx). Taylor & Francis. https://doi.org/10.4324/9780203484241

Forsyth, T. (Ed.). (2005). *Encyclopedia of international development* (1st ed.). Routledge.

Kilcullen, J. (n.d.). *Self-determination and the right to establish a government*. Macquarie University. http://www.humanities.mq.edu.au/Ockham/helhelsinkiB.html

Lenin, V. I. (1914). *The rights of nations to self-determination* (Chap. 5). Marxists Internet Archive. http://marxist.org/archive/lenin/works/1914/self-det/ch05.htm

Office of the High Commissioner for Human Rights. (n.d.). *International Covenant on Civil and Political Rights*. https://www.ohchr.org/en/instruments-mechanisms/instruments/international-covenant-civil-and-political-rights

United Nations. (n.d.). *International Covenant on Civil and Political Rights*. Human Rights Web. http://www.hrweb.org/legal/cpr.html